का.जि.प्र.का.द.नं. १००/०५२/६०
२२ कात्तिक २०८३
आइतबार
8 November 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २८२। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

नेपालीहरूको महान् चाड
शुभ-दिपावली तथा
नेपाल सम्वत ११४७ साथै छठ पर्व २०८३
को सुखद अवसरमा हाम्रा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, बिक्रेता एवं स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सम्वृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मध्यान्ह परिवार

हाम्रो आगामी अंक २०८३ कात्तिक २८ गते शनिबारबाट प्रकाशित हुनेछ ।



लुम्बिनीको अपराजित यात्रामा ब्रेक

साबिक विजेता लुम्बिनी लायन्सको नेपाल प्रिमियर लिग (एनपिएल)मा जारी अपराजित यात्रामा काठमाडौं गोर्खाजले पूर्णविराम लगाएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार भएको खेलमा काठमाडौंले लुम्बिनीलाई ३६ रनले पराजित गर्दै प्रतियोगितामा लगातार तेह्रो जित दर्ता गरेको हो। लुम्बिनीको यो हारसँगै एनपिएलमा लगातार १० खेलसम्म कायम रहेको अपराजित यात्रासमेत टुंगिएको छ । अघिल्लो संस्करणको समूह चरणका अन्तिम तीन खेल जित्दै फाइनलमा पुगेको लुम्बिनीले उपाधि भिडन्तमा पनि जित निकालेको थियो ।

विस्तृत समाचार पृष्ठ ५ मा



फस्टायो फूलको व्यापार

वार्षिक ४ अर्बको कारोबार

पुष्पजन्य वस्तु निर्यात : १ करोड १५ लाख रुपैयाँ



तिहारमा सयपत्री फूलका र मखमली, गोदावरी र मिक्स फूलका माला बिक्री बढी हुन्छ। ५२ लाख माला बिक्री हुँदा ४८ करोड रुपैयाँबराबरको कारोबार हुने अनुमान छ।

● **राजेशभक्त श्रेष्ठ**
अध्यक्ष, फ्लोरिकल्चर एसोसिएसन नेपाल

छबि सापकोटा / मध्यान्ह
काठमाडौं, २० कात्तिक

नेपालीको दोस्रो ठुलो चाड तिहार लागेसँगै फूलको व्यापारले बजारमा रौनक छाएको छ । सहरदेखि गाँउसम्म समेत फूलेको किनमेल हुन थालेको छ। तिहारमा फूलको माग र कारोबार राम्रो हुने गरेको छ । घर, पसल, कार्यालय तथा मन्दिर सजावटदेखि लक्ष्मीपूजा, भाइटीकाका लागि फूल र माला खरिद गरिन्छ। तिहार फूलको सिजन हुँदा बारीमा फूलखेती गरेर राम्रो आम्दनीको स्रोत बनिरहेको छ । किसान र रोजगारीमा संलग्न हजारौं व्यक्तिका लागि फूलखेती व्यवसाय आम्दानीको स्रोत बन्दै गएको छ । पछिल्लो समय तिहारमा प्लास्टिकको माला र भारतबाट सयपत्री फूल आयातमा कडाइ गरेसँगै नेपालमा व्यावसायिक फूलखेती फस्टाएको छ ।

तिहारमा सबैभन्दा धेरै बिक्री हुने सयपत्री र मखमली फूलको व्यावसायिक खेती गर्नेको संख्या बढ्दै जाँदा अन्य खेती छोडेर कृषकहरू फूलखेतीतर्फ आकर्षित भइरहेका छन् ।

नेपालमा करिब ६ हजार बढी प्रजाति बिरुवा फूल फुल्ने बिरुवा रहेको फ्लोरिकल्चर एसोसिएसन नेपालले जनाएको छ । जसमध्ये ३ सय २४ प्रजाति दुर्लभ वनस्पति नेपालमै मात्र पाइने गरेको छ । फूल फुल्ने बिरुवाहरूको विविधताका आधारमा एसियामा १०औं र विश्वमै २७औं स्थानमा नेपाल पर्छ । नेपालमा पुष्प व्यवसायको सुरुवाट २०११

>>> पृष्ठ २ मा

तिहारमा ४८ करोडको कारोबार

पुष्प व्यवसाय पछिल्लो केही वर्षदेखि निरन्तर कारोबार बढिरहेको छ । फूलखेती सदाबहार सिजनका रूपमा विस्तार भइरहेको छ । अध्यक्ष श्रेष्ठले केही वर्षअघि तिहारका लागि समेत भारतबाट फूल आयात गर्नुपर्ने अवस्था रहेको तर अहिले तिहारमा स्वदेशी उत्पादनकै फूल र मालाले पुग्ने अवस्था रहेको बताए । 'तिहारमा करिब ५२ लाख विभिन्न फूलका माला आवश्यक पर्ने अनुमान छ । जसबाट करिब ४८ करोडको कारोबार हुने देखिन्छ,' उनले भने, 'तिहारमा सयपत्री फूलका ४५ लाख र मखमलीका ६ लाख, गोदावरीका २० हजार र मिक्स फूलका ६० हजार माला खपत हुने अनुमान गरिएको छ ।' ५२ लाख माला बिक्री हुँदा ४८ करोड रुपैयाँबराबरको कारोबार हुने अनुमान छ। सबैभन्दा बढी ४५ >>> पृष्ठ २ मा

तिहारमा विशेष सुरक्षा

थप ५० हजार प्रहरी परिचालन



तिहार, नेपाल संवत्, छठलगायतका चाडपर्वमा हुनसक्ने चोरी, लुटपाट, जुवातास, मादक पदार्थ सेवन, झैझगडा, आगलागी तथा पटका र तास जुवाजन्य गतिविधि नियन्त्रण गर्नुपर्ने प्रहरीले सुरक्षा योजनामा राखेको छ। यो समयमा पटका, भुइँचम्पा, झिरझिरेलगायत विस्फोटक पदार्थको आयात, बिक्रीवितरण र प्रयोग नियन्त्रण गर्न सीमा तथा भन्सार क्षेत्रमा निगरानी कडा बनाएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

दसैंभन्दा तिहारको शान्ति सुरक्षा चुनौती बढी हुने भएकाले हामीले थप प्रहरी परिचालन गरी निगरानीलाई कडा र चुस्त व्यवस्थापन गरेका छौं ।

■ **अबिनारायण काफ्ले**
प्रहरी प्रवक्ता



मध्यान्ह संवाददाता
काठमाडौं, २१ कात्तिक

नेपाल प्रहरीले तिहार तथा छठ पर्व लक्षित देशभरको सुरक्षा व्यवस्था कडा र चुस्त बनाएको छ । चाडपर्वका समयमा हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण, सडक दुर्घटना न्यूनीकरण र नागरिकको सुरक्षाका लागि प्रहरीले थप ५० हजार जनशक्ति परिचालन गरेको नेपाल प्रहरीको दाबी छ ।

तिहारदेखि छठको भोलिपल्टसम्म प्रहरीको सूक्ष्म निगरानीलाई कडा पारिएको नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक (डिआइजी) एवं केन्द्रीय प्रहरी प्रवक्ता अबिनारायण काफ्लेले बताए । तिहार तथा छठ पर्वमा हुन सक्ने सुरक्षा चुनौतीलाई हेरेर नियमित भन्दा थप ५० हजार ४ सय जनशक्ति परिचालन गरेको उनले जानकारी दिए । 'दसैंदेखि नै लागू गरिएको सुरक्षा योजनालाई तिहारका लागि थप परिमार्जन गर्दै कडाइका साथ कार्यान्वयनमा ल्याइएको छ,' उनले भने, 'दसैं भन्दा तिहारको शान्ति सुरक्षा चुनौती बढी हुने भएकाले हामीले थप प्रहरी परिचालन गरी चुस्त व्यवस्थापन गरेका छौं ।' प्रहरीले असोज २१ गतेदेखि सञ्चालनमा रहेको सुरक्षा योजनाअन्तर्गत प्रदेश, जिल्ला तथा >>> पृष्ठ २ मा

निर्विवाद छैन न्यायालय

सुनुवाइ समितिबाट ४ न्यायाधीशको सिफरिस अनुमोदन

संसदीय सुनुवाइका क्रममा प्रस्तावित न्यायाधीशहरूले नै न्यायालयमा विकृति रहेको स्वीकारेका छन् । सुधारको प्रतिबद्धता जनाउँदै गर्दा फैसलामा भएको विलम्बको विवरण प्रस्तुत गरेका छन् । न्यायमा पहुँच विस्तार गर्नुपर्नेमा पनि सबै सहमत छन् ।

जीवन शर्मा / मध्यान्ह
काठमाडौं, २१ कात्तिक

न्यायपरिषद्ले गत असोज २० गते सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिका लागि सिफारिस गरेका चार जना न्यायधीशको नाम शनिबार संघीय संसद्को संसदीय सुनुवाइ समितिले अनुमोदन गऱ्यो ।

प्रधानन्यायाधीश मनोजकुमार शर्मा नेतृत्वको न्यायपरिषद्ले पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्दसहित चार न्यायाधीशको नाम सिफारिस गरेको थियो । उक्त प्रस्तावलाई संघीय संसद्को संसदीय सुनुवाइ समितिले छलफलको प्रक्रिया टुंग्याएर शनिबार अनुमोदन गरेको थियो ।

सर्वोच्चको न्यायाधीश सिफारिस भएर समितिले अनुमोदन गरेका न्यायाधीशहरूमा डा. रत्नबहादुर बागचन्द, चन्द्रबहादुर सारु, जनक पाण्डे, गोकर्ण डाँगी रहेका छन् । शनिबार बसेको बैठकले चारै जनाको नाम सर्वसम्मतिले अनुमोदन गरेको संसदीय सुनुवाइ समितिका सभापति बोधनारायण श्रेष्ठले बताए । उनीहरूको संसदीय सुनुवाइ प्रक्रिया यही कात्तिक १९ गतेदेखि सुरु गरेको थियो । उनीहरूको सिफारिसको निर्णयमा परिषद् सदस्यसमेत रहेकी वरिष्ठतम् न्यायाधीश सपना मल्ल प्रधान र >>> पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

मलेसियामा पाम तेल संकलनका लागि विदेशी कामदार भर्नाको तयारी

तिलोचन गौतम / मध्यान्ह
क्वालालम्पुर, २१ कात्तिक

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले पाम तेल संकलनका लागि विदेशी कामदार भर्ना गर्ने स्वीकृति दिने तयारी भइरहेको बताएका छन् । उनले प्लान्टेसन कम्पनीहरूले यान्त्रीकरणमार्फत विदेशी कामदारमाथिको निर्भरता कम गर्न प्रतिबद्ध हुनुपर्नेमा जोड दिएका छन् ।

प्रधानमन्त्री अनवरले विदेशी कामदारको कोटा स्वीकृत गर्न ढिलाइ हुँदा अर्को वर्ष पाम तेल उत्पादनमा असर पर्न सक्ने देखिएकाले सकेसम्म छिटो स्वीकृति खुला गर्ने विषयमा परामर्श भइरहेको बताए ।

नेपाल-मलेसियाबीच नेपाली श्रमिक भर्ना प्रक्रियामा छनोट भएका म्यानपावर कम्पनीसम्बन्धी विवादका कारण मलेसियामा नयाँ रोजगारी तत्कालका लागि बन्द अवस्थामा छ। प्लान्टेसन क्षेत्रको स्वीकृति खुला भए पनि नेपाली श्रमिकले तत्कालै लाभ पाउने अवस्था भने छैन ।

मलेसियामा मल छर्ने र झारपात नियन्त्रण गर्ने कामका लागि पहिलेदेखि नै मेसिनरी प्रयोगमा ल्याइएको छ। तर, पाम तेल संकलन अर्थात् कटनीको काम अझै पनि शारीरिक श्रममा निर्भर छ । यस क्षेत्रमा नेपाली र बंगलादेशी श्रमिक कार्यरत छन् ।

विदेशी श्रमिकमाथिको निर्भरता घटाउन प्लान्टेसन क्षेत्रमा पनि यान्त्रीकरण गर्नुपर्ने >>> पृष्ठ २ मा

शून्य लागतमा कामदारसँग उठाएको रकम रोजगारदाता कम्पनीबाट फिर्ता

काठमाडौं / मस– फ्रि भिसा, फ्रि टिकटमा मलेसिया गएका नेपाली श्रमिकलाई ठगीमा परेको रकम रोजगारदाता कम्पनीले फिर्ता गरेको छ । मलेसियाको टियोङ टाट प्रिन्टिङ इन्डस्ट्रिज एसडिएन बिएचडीले श्रमिकलाई करिब ३३ लाख रुपैयाँ फिर्ता गरेको हो । टियोङ टाट प्रिन्टिङ इन्डस्ट्रिज ग्लोभ्स प्याकेजिङ गर्ने >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

लक्ष्मीपूजा पर्व मनाइँदै

काठमाडौं/मस– यमपञ्चक अर्थात् तिहारको तेस्रो दिन आज साँझ ऐश्वर्य, धनधान्य र सम्पन्नताकी देवी लक्ष्मीको पूजाआराधना गरी श्रद्धा भक्तिपूर्वक लक्ष्मीपूजा पर्व मनाइँदैछ ।

सफासुग्घर र लिपपोत गरिएको घरमा मात्र लक्ष्मीले बास गर्छिन् भन्ने मान्यता छ । यसै आधारमा आज बिहानै घर सफा सुग्घर र गाईको गोबर एवं रातोमाटोले लिपपोत गरी दीपावली गरेर लक्ष्मीलाई आमन्त्रण गरिन्छ । विशेषगरी घरका भ्याल, ढोका, चोटा, कोठा, संघार, कौसी, अटाली र भच्याङलगायतका स्थानमा सरसफाइ गरी दीपावली गरिन्छ । यस पर्वलाई दीपमालिका पनि भनिन्छ ।

लक्ष्मीपूजा गरिने कार्तिक कृष्ण औंसीको रातलाई सुखरात्रि पनि भनिन्छ । वर्षभर मनाइने चार प्रमुख रात्रिमध्ये यो पनि एक हो । लक्ष्मी पूजाका लागि आज साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मी स्थापना गरी पूजा गर्ने कोठासम्म गाईको गोबर र रातोमाटोले लिपपोत गरेर चामलको पीठो र अबीरले लक्ष्मीको पाइला बनाई लक्ष्मी आउने बाटो देखाइन्छ ।

पाइलैपिच्छे केराको सुत्लो अथवा माटाको पालामा दीप प्रज्ज्वलन गरी झिलीमिली बनाइन्छ । हाल पालामा



दीयोको स्थानमा मैनबत्ति बाल्ने प्रचलन पनि बढ्न थालेको छ ।

दीपावली गरिसकेपछि पूजा कोठामा दीयो, कलश र गणेशसहित लक्ष्मी, कुबेर स्थापना गरेर गरगहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाई विधिपूर्वक लक्ष्मीको पूजा आराधना गरिन्छ ।

लक्ष्मीपूजा पछि कन्या केटी र छोरी चेलीलाई लक्ष्मीको प्रतीक मानी पूजा गरी दक्षिणासमेत दिने प्रचलन छ । आज घरमा लक्ष्मीपूजा गरेपछि धनदौलत वा अन्य सामान घरबाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास छ ।

लक्ष्मी पूजा सन्ध्याकालमा गरी मध्यरातमा घरका नारीले नाङ्लो ठटाएर 'अलक्ष्मी भागोस् लक्ष्मी र धन धान्यको आगमन होस्' भनी कामना गर्ने शास्त्रीय विधि रहेको छ ।

आज साँझ युवतीले समूह बनाई घरघरमा भैलो खेल्छन् । भगवान् विष्णुले यमपञ्चकको पाँच दिन स्वर्ग, मर्त्य र पाताल तीनै लोकको शासन गर्ने वरदान बलिराजालाई दिनुभएको विभिन्न हिन्दु धर्मग्रन्थमा उल्लेख छ । वरदान पाएका बलिराजाले भलो होस् भनी घरघरमा गाउन लगाएको सम्झनामा भैलो खेल्ने गरिएको हो ।

आज भैलो खेल्न आउनेलाई धान, चामल, फूलमाला, पैसा र सेलरोटी दिइन्छ । यस्तो दान कात्तिकको दान भएकाले नदिएमा राम्रो नहुने र दिएमा पुण्य प्राप्त हुने धार्मिक विश्वास छ । लक्ष्मी पूजाका अवसरमा आज शहर बजारमा दीपावली गरी झिलीमिली बनाइन्छ ।

कुकुर तिहार मनाइँदै

तिहार अर्थात् यमपञ्चकको दोस्रो दिन आज इमान्दारीपूर्वक घरको सुरक्षामा खटिने कुकुरको पूजा गरी मीठो खानेकुरा खान दिएर मनाइँदै छ ।

कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुरको पूजा गरी मीठो खान दिए यमलोकको यात्रा गर्दा यमराजको पहरेदारका रूपमा मूलढोकामा बस्ने श्याम र सबल नाम गरेका कुकुरले सहजरूपमा बाटो छोडिदिने धार्मिक विश्वास छ । घरमा कुकुर पाल्नाले मुटु र मधुमेहजस्ता रोग नलाग्ने आधुनिक वैज्ञानिक मान्यता छ । वैवस्वत मन्वन्तर कुलमा जन्मिएको कुकुर अहिले लोकप्रिय घरपालुवा जनावरका रूपमा समेत स्थापित भएको छ । काग र कुकुरलाई यमदूतका रूपमा मानिन्छ ।

सरकार र डा. केसीबीच ६ बुँदे सहमति २५औं सत्याग्रह अन्त्य

काठमाडौं/मस– सरकार र अनशनरत चिकित्सा शिक्षा सुधार अभियन्ता डा.गोविन्द केसीबीच छ बुँदे सहमति भएको छ । सहमतिसँगै डा केसीले आफ्नो २५औं सत्याग्रह अन्त्य गरेका छन् ।

पटकपटकको छलफलपछि शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले गएराति त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल पुगेर डा.केसीसँग सहमति गरेका हुन् । मन्त्री पोखरेलले डा.केसीलाई जुस खुवाएर अनशन तोडाएका थिए । अनशन अन्त्यपछि मन्त्री पोखरेलले यो नै डा.केसीको अन्तिम अनशन हुने विश्वास व्यक्त गर्दै सहमतिअनुसारका विषय कार्यान्वयन प्रक्रिया अघि बढाइने बताए ।

सरकार र डा.केसीबीच भएको सहमतिअनुसार चिकित्सा शिक्षा आयोगको गत असोज ३० गतेको निर्णयबमोजिम सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई एमबीबीएसलगायत शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति तथा सिट संख्या निर्धारण गरिनेछ ।

त्यस्तै, नेपाली सेना स्वास्थ्य



विज्ञान प्रतिष्ठान (आर्मी मेडिकल कलेज) मा एमबीबीएसतर्फ सिट संख्या थप गर्ने निर्णय मापदण्डअनुसार भए/नभएको छानबिन गर्न प्रा डा रमेशप्रसाद आचार्यको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिनेछ । समितिले सरकारलाई प्रतिवेदन बुझाउनेछ । प्रतिवेदनका सिफारिस कार्यान्वयन भएपछि चिकित्सा शिक्षा साझा प्रवेश परीक्षाबाट उत्तीर्ण विद्यार्थीको म्याचिङ प्रक्रिया अघि बढाइनेछ ।

कार्यक्रम सञ्चालनको अनुमति दिँदा वा सिट संख्या थप गर्दा मापदण्ड उल्लंघन भएको अथवा स्वार्थको द्वन्द्व देखिएमा त्यसमा संलग्न चिकित्सा शिक्षा आयोग, विश्वविद्यालय तथा मेडिकल कलेजका पदाधिकारीलगायतलाई कारबाहीको दायरामा ल्याउने सहमति पनि भएको छ ।

सहमति अनुसार दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ मा विश्वविद्यालयका पदाधिकारीको योग्यता तथा नियुक्तिसम्बन्धी विषयमा आवश्यक संशोधन गरी दुई साताभित्र मन्त्रिपरिषद्बाट अध्यादेश जारी गर्ने प्रक्रिया अघि बढाइनेछ । अध्यादेश जारी भएपछि नयाँ पदाधिकारी नियुक्ति प्रक्रिया तत्काल अगाडि बढाइनेछ । यसैगरी डा.केसीको २४औं सत्याग्रहका क्रममा गत साउन ११ गते भएको सहमतिमा कार्यान्वयन हुन बाँकी विषय अक्षरशः पालना गर्ने प्रतिबद्धता सरकारले जनाएको छ ।

फस्टायो...

सालदेखि सुरु भएको नर्सरी व्यवसायीको भनाइ छ । तर पुष्प व्यवसासको बिकास र बिस्तार भने २०४९ पछि मात्र भएको देखिन्छ ।

पछिल्लो समय पुष्पको व्यवसायीक बिकास तथा प्रबर्द्धन गर्नका लागि संघिय, प्रदेश, स्थानिय सरकारदेखि पुष्प व्यवसायी निकट संघसस्था लागिरहेका छन् । फूलको व्यावसायी खेती अहिले सातै प्रदेशका मुख्य शहरदेखि ५४ जिल्लामा हुने गरेको फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष राजेशभक्त श्रेष्ठ बताउँछन् ।

नेपालमा ३ सय २५ हेक्टर क्षेत्रफलमा पुष्प व्यवसाय भईरहेको छ । पुष्प व्यवसायमा १४ सय ४५ भन्दा बढि पुष्प व्यवसायी संस्लग्न गरेको एसोसियसनको तथ्याङ छ । पुष्प व्यवसायमा साढे ११ अर्ब भन्दा बढि लगानी रहेको अध्यक्ष श्रेष्ठ बताउछन् । आर्थिक वर्ष बर्ष ०८१/८२ मा ३ अर्ब ३७ करोडको बार्षिक कारोबार थियो भने आर्थिक वर्ष २०८२/८३ मा १६.९१ प्रतिशतले बढेर ३ अर्ब ९४ करोड रुपैयाँ भन्दा बढिको कारोबार भएको अनुमान एसोसियसनको छ ।

तिहारमा ४८...

लाख सयपत्री मालाको कारोबार हुने अपेक्षा गरिएको छ । औसत थोक मूल्य प्रतिमाला ९० रुपैयाँका दरले ४० करोड ५० लाख रुपैयाँ पुग्ने अनुमान गरिएको छ । त्यस्तै, ६ लाख मखमली मालाको औसत थोक मूल्य ४५ रुपैयाँका दरले २ करोड ७० लाख रुपैयाँको कारोबार हुनेछ । गोदावरी मालाको औसत थोक मूल्य प्रतिमाला १ हजार २०० रुपैयाँ कायम हुँदा २० हजार मालाबाट २ करोड ४० लाख रुपैयाँको कारोबार हुने अनुमान छ । विभिन्न फूल मिसाएर बनाइने ६० हजार मिक्स मालाको औसत थोक मूल्य ४०० रुपैयाँका दरले यसको कारोबार पनि २ करोड ४० लाख रुपैयाँबराबरको कारोबार हुने अपेक्षा पुष्प व्यवसायीले गरेका छन् । गत वर्षको तिहारमा व्यावसायिक रूपमा उत्पादित करिब ४० लाख सयपत्री माला खपत भएको थियो । यस वर्ष ४५ लाख माला कारोबार हुने अनुमान गरिएको छ ।

प्रत्येक वर्ष विभिन्न जातमा फूलको माग उच्च छ र तर बजार माग अनुसार उत्पादन पर्याप्त नभएकाले आयातमा निर्भरता बढ्दो छ । तिहारको लागि मखमली र सयपत्रीको मालामा आत्मनिर्भर तर्फ केन्द्रित भएपछि अन्य फूलमा भारतबाट आयात गर्नु पर्ने बाध्यता छ । भन्सार बिभागको तथ्याङ अनुसार आर्थिक बर्ष ०८२/८३ को तथ्याङ अनुसार पुष्प तथा पुष्पजन्य बस्तुको बार्षिक आयात २६ करोड १३ लाख ७२ हजार रुपैयाँ बराबर भएको छ । तर आर्थिक बर्ष ०८२/८३ को तथ्याङ अनुसार पुष्प तथा पुष्पजन्य बस्तुको बार्षिक निर्यात मात्र १ करोड १५ लाख ७८ हजार कारोबार भएको छ । यसले के देखाउछ भने नेपालमा पुष्प व्यवसायको माग र संम्भावना उच्च छ । नेपालमा आयात हुने पुष्प तथा पुष्पजन्य लाइभ प्लान्ट, अनरुटेट कटिङ एण्ड स्लिप, बिभिन्न पुष्पको बीउ बिजनहरु, फ्रेस कट फ्लावरहरु, बल्ब, टयुबर, टयुबर रुटस् आदि रहेको छ । नेपालमा भारत,चीन, नेदरल्याण्ड, जापान जर्मनी, थाइल्याण्ड, इजारायल लगायतका देशबाट फूलहरु आयात हुने गरेको भन्सार बिभागको तथ्याङले देखाउँछ । पछिल्लो चार वर्षमा नेपालमा पनि पुष्प व्यवसायी, उत्पादन क्षेत्र, कारोबार बढ्दै गएको छ । तर अझै पनि गुणस्तरीय बीउ-बिरुवा उत्पादन, अनुसन्धान, बजार व्यवस्थापन तथा निर्यात प्रवर्द्धन मैत्री नीति बन्ने हो भने नेपालमा पुष्प व्यवसाय खेती धेरै सम्भावना भएको क्षेत्र बन्नसक्छ ।

तिहारमा...

काठमाडौँ उपत्यकामा कमाण्ड पोस्ट स्थापना गरी सुरक्षा गतिविधि सञ्चालन गरिरहेको छ ।

प्रहरी प्रधान कार्यालयले जिल्ला सुरक्षा समितिका निर्णय तथा स्थानीय सुरक्षा चुनौतीलाई आधार बनाएर कार्ययोजना तयार गरी मातहतका कार्यालयलाई निर्देशन दिएको छ । सोहीअनुसार सम्बन्धित जिल्लाले आफ्नो क्षेत्रको अवस्थाअनुसार थप सुरक्षा गतिविधि समेटेर योजना कार्यान्वयन गरिरहेका छन् ।

तिहार, नेपाल संवत्, छठलगायतका चाडपर्वमा हुनसक्ने चोरी, लुटपाट, जुवातास, मादक पदार्थ सेवन, झैझगडा, आगलागी तथा पटका र तास जुवाजन्य गतिविधि नियन्त्रण गर्नुपर्ने प्रहरीले सुरक्षा योजनामा राखेको छ । चाडपर्वलाई शान्तिपूर्ण, व्यवस्थित र मर्यादित बनाउन जिल्ला सुरक्षा समितिसँगको समन्वयमा सुरक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याइएको प्रहरी प्रधानकार्यालयले जनाएको छ ।

तिहारका बेला देउसीभैलो, मेला तथा अन्य सांस्कृतिक गतिविधिका क्रममा हुनसक्ने जुवातास, मादक तथा लागुपदार्थ सेवन, होहल्ला र झैझगडा नियन्त्रण गर्न विशेष निगरानीका लागि सादा पोसाकमा प्रहरी परिचालन गरिएको छ । सुरक्षा निगरानीका लागि सीसीटीभी, बडी वार्न क्यामेरा, ड्रोन तथा तालिमप्राप्त कुकुर प्रयोग गरिने प्रहरीले जनाएको छ । भिडभाड हुने मेला तथा सार्वजनिक स्थानमा ५० भन्दा बढी ड्रोनमार्फत निगरानी गरिएको प्रहरी प्रवक्ता काफ्लेले बताए । त्यस्तै, विभिन्न स्थानमा गस्ती, पेट्रोलिङ, चेकप्वाइन्ट, कमान्ड पोस्ट तथा आकस्मिक जाँचलाई कडाई करिएको छ । पटका, भुइँचम्पा, झिरझिरेलगायत विस्फोटक पदार्थको आयात, बिक्रीवितरण र प्रयोग नियन्त्रण गर्न सीमा तथा भन्सार क्षेत्रमा निगरानी कडा पारिएको प्रवक्ता काफ्लेले बताए । यस्ता गतिविधि शून्यमा झार्ने लक्ष्यसहित प्रहरी परिचालन गरिएको उनको भनाइ छ । 'तिहार हाम्रो सांस्कृतिक, सामाजिक सद्भाव र पारिवारिक एकताको पर्व हो । क्षणभरको मनोरञ्जनका लागि पटका पड्काउँदा कसैको जीवनभरको खुसी खोसिन सक्छ । त्यसैले पटका नपड्काउन र त्यस्ता सामग्री भित्रिएको वा प्रयोग भएको सूचना पाएमा प्रहरीको १०० नम्बरमा खबर गर्न अनुरोध गर्दछु,' उनले भने ।

यातायात व्यवस्थापन तथा दुर्घटना न्यूनीकरणका लागि सवारीसाधन छुट्ने स्थानमै चालकको अनुमतिपत्र, मादक तथा लागुपदार्थ सेवन गरे-नगरेको जाँच गर्ने कार्यलाई तीव्रता दिइएको छ । सवारीसाधनको यान्त्रिक अवस्था परीक्षणलाई प्राथमिकता दिइएको छ भने लामो दूरीका सवारीसाधनमा दुईजना चालक अनिवार्य राख्ने व्यवस्थाको निगरानी गरिने प्रहरीले जनाएको छ ।

यात्रुको सहजताका लागि देशभर ४०८ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ। सीमावर्ती क्षेत्रबाट स्वदेश फर्किने नेपाली नागरिक ठगी तथा लुटपाटमा नपरून् भन्ने उद्देश्यले थप १०८ स्थानमा नागरिक सहायता कक्ष सञ्चालन गरिएको प्रवक्ता काफ्लेले बताए । तिहारमा घर खाली गरेर बाहिर जाने नागरिकलाई घरको सुरक्षामा विशेष ध्यान दिन प्रहरीले आग्रह गरेको छ । लामो समय घर खाली रहने जानकारी सामाजिक सञ्जालमा सार्वजनिक नगर्न, नजिकको प्रहरी कार्यालय र छिमेकीलाई जानकारी गराउन, बहुमूल्य सामान तथा गरगहना घरमा नराख्न र सम्भव भएसम्म सीसीटीभी जडान गर्न प्रहरीले सुझाव दिएको छ । आगलागी, दुर्घटना तथा अन्य विपद्का सम्भावित घटनालाई तत्काल सम्बोधन गर्न प्रहरीका क्विक रेस्पोन्स टिम (क्यूआरटी) तथा सीआरभी टोली तयारी अवस्थामा राखिएको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको सुरक्षालाई समेत विशेष प्राथमिकता दिइएको प्रहरी प्रवक्ता काफ्लेले बताए ।

निर्विवाद...

अर्का सदस्य महेशकुमार नेपालले भने 'नोट अफ डिसेन्ट' लेखेका थिए । आधार, कारणबिना वरिष्ठतालाई मिचेको, समावेशी नभएको र नेपाल बारबाट समेत प्रतिनिधित्व नभएकोले सम्पूर्ण सिफारिस प्रक्रियामा आफ्नो सहभागिता र सहमति नरहेको सदस्यद्वय प्रधान र नेपालको मत थियो ।

बागचन्द उच्च अदालत पोखराका मुख्य न्यायाधीश हुन् । चन्द्रबहादुर सारु, उच्च अदालत पाटनका न्यायाधीश हुन भने जनक पाण्डे उच्च अदालत हेटौँडा इजलास र गोकर्ण डाँगी उच्च अदालत जनकपुरको वीरगन्ज इजलासका न्यायाधीश हुन् । बागचन्द उच्च अदालततर्फका न्यायाधीशको वरीयतामा पहिलो नम्बरमा थिए । सारु पाँचौं, पाण्डे १२ औं र डाँगी १५ औं वरीयतामा थिए । यसकारण पनि बरिष्टतम न्यायधीश प्रधानले आफ्नो असहमति रहेको बताएकी थिईन् । प्रस्तावित न्यायाधीशविरुद्ध १३ वटा उजुरी परेका थिए । न्याय परिषद्को सिफारिसमा संसदीय सुनुवाइ समितिबाट नाम अनुमोदन भएपछि राष्ट्रपतिले न्यायाधीश नियुक्त गर्ने संवैधानिक व्यवस्था अनुसार उनिहरूलाई नियुक्ति गर्ने बाटो खुलेको छ ।

उनिहरूको सिफारिस गर्दा नै वरीयता मिचेर 'पिक एन्ड चुज' गरिएको भन्दै परिषद्का दुई सदस्य र नेपाल बार एसोसिएसनले विरोध गरेको थियो । बारका अध्यक्ष विजय मिश्रले वरीयताक्रम, अनुभव र कार्यक्षमता मूल्यांकन नगरी न्यायाधीशको सिफारिस गरिएको भन्दै आपत्ति जनाएका थिए । 'राजनीतिक दलको अनुकूलमा आदेश गर्ने न्यायाधीशलाई छनोट गरिएको हो कि भन्ने आशंका भएको छ,' मिश्रले भनेका थिए, 'यसले आगामी दिनमा सर्वोच्चमा नियुक्ति हुन राजनीतिक दललाई पछ्याउने खतराले प्रवेश पाउन सक्छ ।'

सर्वोच्चको न्यायाधीशमा विगतमा जस्तो यस पटक कानुन व्यवसायी क्षेत्रबाट भने सिफारिस गरिएन् । विगतमा मुख्य न्यायाधीशका साथै कानुन व्यवसायीबाट पनि भागबण्डाका आधारमा सिफारिस हुने अभ्यास थियो । उच्चका अन्य न्यायाधीशमध्ये रोलक्रममा पहिलो रहेका दिनेशप्रसाद यादव, त्यसपछि क्रमशः रोलक्रममा अघि रहेका कृष्णलाल भट्टराई, यमुना भट्टराई, टेकनारायण कुँवर पनि सिफारिसमा परेका छैनन् । वरीयता मिचिएको न्यायाधीश सिफरीस र सुनुवाई समितिको निर्णयमा समेत नेपाल बारले असहमति जनाएको छ ।

यस्तो छ अनुमोदीत न्ययाधीशको विगत

सिफारिस विवादकाबीच अनुमोद गरिएका न्यायाधीश बागचन्दले २०६६ मा न्यायसेवामा प्रवेश थिए । उनीसँग नेपालगन्ज, सुर्खेत, पाटन, तुलसीपुर, विराटनगर र विशेष अदालतमा काम गरेको अनुभव छ । २०८० मा उनी उच्च अदालतको मुख्य न्यायाधीश भएका थिए । उनले साइबर अपराध, संविधान, फौजदारी न्याय, मानवअधिकार र न्यायिक सुधार, जातीय विभेद, न्यायमा पहुँच र न्यायिक सुधारसम्बन्धी प्रकाशनहरू गरेका छन् । त्यस्तै उच्च अदालत पाटनमा कार्यरत चन्द्र सारु संवैधानिक कानुन र देवानी मुद्दामा विज्ञ मानिन्छन् । ज्नक पाण्डे र गोकर्ण डाँगी उच्च अदालतमा कार्यरत रहँदा कम विवादमा परेका न्यायाधीश हुन् । सर्वोच्च अदालतमा पाँच न्यायाधीश सिफारिस गर्न मिल्ने भए पनि एउटा पद खाली राखिएको छ । न्याय परिषद् ऐनमा रिक्त हुनुभन्दा एक महिनाअघि सर्वोच्चमा सिफारिस गर्नुपर्ने व्यवस्था छ ।

सिफारिस भएका न्यायाधीशहरूको हकमा सार्वजनिक सूचना जारी गरी उजुरी आह्वान गर्नेछ । उजुरीको सुनुवाइपछि समितिले प्रस्तावित सर्वोच्चका न्यायाधीशहरूको धारणा सुन्नेछ । यो प्रक्रियामा पास भएपछि मात्र उनीहरूले सर्वोच्चको न्यायाधीशको जिम्मेवारी पाउनेछन् । संविधानको धारा २९२ मा संसदीय सुनुवाइसम्बन्धी व्यवस्थाका प्रक्रिया पुरा गरी न्यायाधीश नियुक्तिका लागी अनुमोद गरिएको समितिका सभापति बोधनारायण श्रेष्ठले बताए ।

तर परिषद्ले गरेको सिफारिसमा स्पष्ट आधार तथा कारण नदिई ज्येष्ठता मिचेको वरिष्ठतम् न्यायाधीश मल्ल प्रधानको आरोप छ । संविधान, न्याय परिषद् ऐन, स्वतन्त्र न्यायपालिका र न्यायका मान्य सिद्धान्तअनुरूप पारदर्शी, वस्तुगत, समावेशी तथा विश्वसनीय मूल्यांकन प्रक्रिया पूरा नगरी भएको सिफारिसमा आफ्नो फरक मत रहेको उनलेब ताएकी छन् । यद्यपि नियुक्तिका लागि तयारी नै गरिसकेपछि त्यसमा थप अवरोधको विषय केही नहुने उनको भनाई छ । 'करियर न्यायाधीशको प्रतिनिधित्व नहुनेगरी, ज्येष्ठता मिच्नुको स्पष्ट आधार तथा कारण नदिई र महिला/मधेसीलाई, नेपाल बारलाई पूर्णरूपमा उपेक्षा गरी गरिएको सिफारिसले न्यायाधीशहरूको मानमर्दन हुने र न्याय सम्पादनमा निरुत्साहन हुने गरी प्रचलित विधि र प्रक्रियाविपरीत भएका सिफारिस प्रक्रियामा मेरो सहभागिता र सहमति थिएन्,' उनले न्याय परिषद्मा पेस गरेको नोट अफ डिसेन्टमा लेखेकी छन् । न्यायधीश सिफारिस विवाद र उजुरीका सम्बन्धमा संसदीय सुनुवाई समितिका सभापति श्रेष्ठले भने जो सुकै व्यक्ति ल्याउदा पनि विवादरहीत नहुने प्रतिक्रिया दिए । उनले यस अघि भने, 'हामीले संविधानमा भएको व्यवस्था अनुसार सिफारिस भइआएका न्यायाधीशहरूको सुनुवाई प्रक्रिया सकेर नियुक्तिका लागि अनुमोदन गरेका हौं । उहाँहरूमाथि वरीयताको बाहेक खासै ठुलो गुनासाहरू थिएन् । जोसुकै व्यक्तिका नाममा पनि सामान्य गुनासा र उजुरीहरू पर्ने विगत घटनाहरू पनि रहेछन् ।'

मलेसियामा...

प्रधानमन्त्री अनवरको भनाइ छ । उनले भने, 'यदि विशेष गरी कटनीका लागि हो भने ठिक छ । हामी त्यसलाई स्वीकृति दिनेछौं । तर त्यसपछि तपाईंहरूले यान्त्रीकरणमार्फत विदेशी कामदारमाथिको निर्भरता कम गर्न प्रतिबद्धता जनाउनुपर्छ ।'

प्रधानमन्त्री अनवरले नाफा कमाउने तर यान्त्रीकरणमा लगानी नगर्ने प्लान्टेसन कम्पनी सञ्चालकहरूको आलोचना गरे । उनले प्लान्टेसन सञ्चालकहरूले विदेशी कामदारलाई कमजोर जीवनयापनको अवस्थामा राखेर शोषण गर्ने कार्य अस्वीकार्य हुनेमा पनि जोड दिए ।

कृषि तथा पाम तेल बगानमा काम गर्ने श्रमिकहरू जंगलको एकान्त क्षेत्रमा दैनिक १२ घण्टासम्म निरन्तर काम गर्ने गरेका छन् । उनीहरू साँघुरो र अपर्याप्त आवासमा बस्न बाध्य छन् भने सफा पानी र चिकित्सकको पहुँचबाट समेत टाढा रहने गरेका छन् ।

मलेसियामा...

प्रधानमन्त्री अनवरको भनाइ छ । उनले भने, 'यदि विशेष गरी कटनीका लागि हो भने ठिक छ । हामी त्यसलाई स्वीकृति दिनेछौं । तर त्यसपछि तपाईंहरूले यान्त्रीकरणमार्फत विदेशी कामदारमाथिको निर्भरता कम गर्न प्रतिबद्धता जनाउनुपर्छ ।'

प्रधानमन्त्री अनवरले नाफा कमाउने तर यान्त्रीकरणमा लगानी नगर्ने प्लान्टेसन कम्पनी सञ्चालकहरूको आलोचना गरे । उनले प्लान्टेसन सञ्चालकहरूले विदेशी कामदारलाई कमजोर जीवनयापनको अवस्थामा राखेर शोषण गर्ने कार्य अस्वीकार्य हुनेमा पनि जोड दिए ।

कृषि तथा पाम तेल बगानमा काम गर्ने श्रमिकहरू जंगलको एकान्त क्षेत्रमा दैनिक १२ घण्टासम्म निरन्तर काम गर्ने गरेका छन् । उनीहरू साँघुरो र अपर्याप्त आवासमा बस्न बाध्य छन् भने सफा पानी र चिकित्सकको पहुँचबाट समेत टाढा रहने गरेका छन् ।

शून्य...

कम्पनी हो । मलेसिया जानुअघि नेपालमा बिचौलियालाई रकम बुझाएको आन्तरिक अनुसन्धानबाट थाहा पाएपछि कम्पनीले उक्त रकम फिर्ता गरेको जनाएको छ । रेस्पोन्सिबल बिजनेस एलायन्स (आरबिए)को शुल्क पहिचान विधिअनुसार गरिएको अनुसन्धानमार्फत नेपालमा अनुचित आर्थिक लेनदेन भएको पहिचान गरिएको बताइएको छ । नेपालबाट श्रमिक पठाउने म्यानपावर कम्पनीको नाम भने सार्वजनिक गरिएको छैन ।

टियोङ टाट प्रिन्टिङ इन्डस्ट्रिज एसडिएन बिएचडीले जिम्मेवार भर्ती अभ्यासप्रति कम्पनी प्रतिबद्ध रहेको जनाएको छ । कामदारहरूले आफ्नो भर्ती वा रोजगारीसँग सम्बन्धित कुनै पनि भर्ती शुल्क वा लागत व्यहोर्नुनपर्ने सिद्धान्तप्रति कम्पनी प्रतिबद्ध रहेकोमा पनि जोड दिएको छ । कम्पनीले श्रमिकहरूको खातामा रकम पठाउने जनाएको छ ।

नेपाली ढाका टोपीमा सजिए अस्ट्रेलियाली प्रधानमन्त्री



काठमाडौं/मस– अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज नेपाली मौलिक पोसाक ढाका टोपीमा सजिएर सिड्नीमा आयोजित 'नेपाल फेस्टिभल सिड्नी २०२६' मा सहभागी भएका छन् ।

शनिवार सिड्नीको डार्लिङ हार्बरस्थित टम्बालोङ पार्कमा आयोजित महोत्सवमा सहभागी प्रधानमन्त्री अल्बानिजले नेपाली समुदायसँग तिहारको खुसी साट्दै अस्ट्रेलियाको बहुसांस्कृतिक समाजमा नेपालीहरूको योगदानको प्रशंसा गरेका छन् ।

उनले अस्ट्रेलियाको विविधता नै देशको शक्ति भएको उल्लेख गर्दै नेपाली समुदाय त्यसको महत्वपूर्ण हिस्सा रहेको बताए । नेपाली कला, संस्कृति र सांस्कृतिक पहिचानप्रति सम्मान व्यक्त गर्दै उनले महोत्सवमा सहभागी हुन पाउँदा खुसी लागेको बताएका हुन् । उनले सामाजिक सञ्जालमार्फत पनि महोत्सवमा सहभागी भएको अनुभव सार्वजनिक गरेका छन् ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) अस्ट्रेलियाको आयोजनामा सम्पन्न महोत्सवमा नेपाली कला, संस्कृति, परम्परा, भेषभूषा र मौलिक पहिचान झल्काउने विभिन्न सांस्कृतिक प्रस्तुति राखिएका थिए । कार्यक्रममा नेपाली समुदायका साथै अस्ट्रेलियाली नागरिक र अन्य समुदायका व्यक्तिहरूको समेत उल्लेख्य सहभागिता रहेको थियो ।

तिहारको अवसर पारेर आयोजना गरिएको महोत्सवमा देउसीभैलो, नेपाली गीतसंगीत, नृत्य तथा विविध सांस्कृतिक कार्यक्रमलाई विशेष प्राथमिकता दिइएको थियो । नेपालबाट पुगेका कलाकार तथा स्थानीय नेपाली कलाकारका प्रस्तुतिले महोत्सवलाई थप आकर्षक बनाएका थिए ।

यस वर्षको महोत्सवमा नेपाल र अस्ट्रेलियाबीचको मित्रता तथा पारस्परिक सद्भावलाई समेत विशेष महत्त्व दिइएको थियो । नेपालमा पछिल्लो समय आएको बाढीका बेला अस्ट्रेलियाले गरेको सहयोगप्रति कृतज्ञता व्यक्त गर्ने कार्यक्रमसमेत आयोजकले समावेश गरेका थिए । अस्ट्रेलियाका प्रधानमन्त्री नेपाली मौलिक पोसाक ढाका टोपीमा सजिएर महोत्सवमा सहभागी हुनुलाई नेपाली समुदायको भाषा, संस्कृति र पहिचानप्रतिको सम्मानका रूपमा हेरिएको छ ।

महोत्सवले प्रवासमा रहेका नेपालीलाई आफ्नो मौलिक संस्कृति र परम्परासँग जोड्नुका साथै नेपाल र अस्ट्रेलियाबीचको जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

कात्तिक २४ र २५ गते उपत्यकाको फोहर व्यवस्थापन प्रभावित हुने



काठमाडौं/मस– यही कात्तिक २४ र २५ गते काठमाडौं उपत्यकाको फोहर व्यवस्थापन कार्य प्रभावित हुने भएको छ ।

काठमाडौं महानगरपालिका वातावरण व्यवस्थापन विभागका प्रमुख सरिता राईका अनुसार २४ र २५ गते तिहार पर्वको अवसरमा उपत्यकाको अन्तिम फोहर व्यवस्थापनस्थल बन्चरेडाँडामा कार्यरत कर्मचारीको समेत बिदा हुने भएकाले फोहर व्यवस्थापन कार्य प्रभावित हुने भएको हो ।

कात्तिक २६ गतेदेखि नियमित रूपमा फोहर व्यवस्थापनको काम हुने भन्दै उक्त स्थान बन्द रहने अवधिमा सडक तथा सार्वजनिकस्थलमा जथाभावी फोहर नफाली व्यवस्थापन गर्न पनि प्रमुख राईले सम्पूर्ण नगरवासीलाई आग्रह गरेकी छन् ।

पहिलो गणतान्त्रिक सरकारले नै कर्णालीको समृद्धिको खाका कोरेको हो : प्रचण्ड

काठमाडौं/मस– नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले कर्णालीलगायत पिछडिएका क्षेत्रको विकासका लागि नै सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याइएको बताएका छन् ।

लेखक डा. दीपेन्द्र रोकाय र मोहनदास मानन्धर 'कर्णाली उपेक्षा र उज्यालो' पुस्तक आज विमोचन गर्दै उनले विभेदमा पारिएका वर्ग र क्षेत्रलाई समृद्धिको नयाँ यात्रामा लैजान आफू प्रधानमन्त्री हुँदा कर्णाली क्षेत्रमा पूर्वाधारको सुरुआत गरेको बताए ।



'पूर्व-पश्चिम मध्यपहाडी राजमार्ग तथा उत्तरदक्षिण कोरिडोर निर्माणले नेपाललाई थप एकताबद्ध बनाएको छ, अब कर्णालीका स्याउ बाहिरी जिल्लामा पुऱ्याउन र तराईका अन्नबाली कर्णाली पुऱ्याउन अप्ठ्यारो छैन', उनले भने, 'रणनीतिक सोचको नेतृत्व नभएको भए यो विकास हुन सक्दैनथ्यो ।'

पूर्वप्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वको पहिलो गणतान्त्रिक सरकारले कर्णालीको समृद्धिका लागि १० हजार ८०० मेगावाटको कर्णाली-चिसापानी आयोजना, तिला-१ र तिला-२ आयोजना अघि बढाउन पहल गरिएको पनि जानकारी दिए । त्यस्तै, हिल्सा-सुर्खेत सडक निर्माणलाई चीनको सहयोगमा अघि बढाउने विषयमा सैद्धान्तिक समझदारी भएको उनले स्मरण गरे ।

देउसीभैलोसहित लमजुङ–बालाजु समाजको दोस्रो वार्षिक साधारणसभा सम्पन्न

काठमाडौं/मस– लमजुङ-बालाजु समाजको दोस्रो वार्षिक साधारणसभा देउसीभैलो, नाचगान तथा सांस्कृतिक कार्यक्रमसहित शनिबार सम्पन्न भएको छ ।



लमजुङका संघीय सांसद धर्म केसीको प्रमुख आतिथ्यतामा सम्पन्न सभाले समाजका सचिव मधु विलास बरालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष शिवजी पाण्डेले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पारित गरेको छ।

लमजुङ जन्मथलो भई राजधानीका बनस्थली, बालाजु र गोंगबु आसपास विभिन्न पेसा, व्यवसाय, रोजगारी तथा समाजसेवामा संलग्न भई बसोबास गर्दै आएका व्यक्तिहरूलाई एकत्रित गर्ने उद्देश्यले समाज स्थापना गरिएको हो । गैरराजनीतिक तथा गैरनाफामूलक संस्थाका रूपमा स्थापित समाजले लमजुङको विकासमा सक्दो सहयोग पुऱ्याउने, लमजुङे लोकसंस्कृतिको संरक्षण तथा सम्वर्धन गर्ने र विभिन्न दैवी तथा प्राकृतिक प्रकोपबाट पीडित भएकाहरूलाई सहयोग गर्ने लक्ष्य राखेको छ ।

कार्यक्रमको उद्घाटन मन्तव्य राख्दै सांसद केसीले लमजुङेहरूको एकता र क्षमतावाट मात्रै लमजुङको विकास सम्भव हुने बताए । उनले सामाजिक एकता र सहकार्यले जिल्लाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने धारणा व्यक्त गरे ।

कार्यक्रमका सभापति तथा समाजका अध्यक्ष विनोद अधिकारीले विशुद्ध सामाजिक भावनाले संस्थाको स्थापना गरिएको उल्लेख गर्दै समाजले विगतमा गरेका गतिविधि र आगामी कार्यदिशाबारे प्रकाश पारेका थिए । समाजका उपाध्यक्ष सुरेन्द्रमान घलेको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा पूर्वाधार विकास मन्त्रालयका सहसचिव रविन्द्र बोहरा, नेपाली सेनाका अवकाश प्राप्त उपरथी तथा संस्थाका संस्थापक आजीवन सदस्य निरञ्जन श्रेष्ठलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

उनीहरूले दीपावली, नयाँ नेपाल संवत् तथा छठ पर्वको अवसरमा शुभकामना व्यक्त गर्दै संस्थाको आकारलाई विवादित नबनाई अझ फराकिलो र समावेशी बनाउनुपर्ने सुझाव दिएका थिए ।

त्यस्तै, समाजका सल्लाहकार तथा अवकाश प्राप्त उपरथी डा. आशवहादुर तामाङले देउसीभैलोको महत्व र लमजुङको लोकसंस्कृतिबारे प्रकाश पारेका थिए । कार्यक्रममा नयाँ आजीवन सदस्य तथा साधारण सदस्यहरूलाई स्वागत तथा सम्मान गरिएको थियो । सभाको अन्त्यमा देउसीभैलो खेलिएको थियो । उक्त देउसीभैलोबाट संस्थालाई करिब पौने लाख रुपैयाँ संकलन भएको अध्यक्ष अधिकारीले मध्यान्हलाई जानकारी दिए ।

कसर उद्योगभित्र सञ्चालित जुवाको अड्डामा प्रदेश प्रहरीको छापा, ११ जना पक्राउ

शहबाज खान/मध्यान्ह
कपिलवस्तु, २१ कार्तिक

कपिलवस्तुको बाणगंगा नगरपालिका-६, बनकसियास्थित एक कसर उद्योगभित्र रातिको समयमा सञ्चालन भइरहेको जुवाको अड्डामा लुम्बिनी प्रदेश प्रहरी टोलीले छापा मारेर ११ जनालाई पक्राउ गरेको छ ।

छापाका क्रममा प्रहरीले २ लाख २० हजार ६९० रुपैयाँ नगद, ६ बुक तास, १२ थान टच मोबाइल र ३ थान किप्याड मोबाइल बरामद गरेको छ ।



प्रहरीका अनुसार प्रकाश थापाले सञ्चालन गरेको जनप्रिय बालुवा प्रशोधन उद्योगको एक कोठाभित्र जुवा खेलिरहेको भन्ने सूचनाका आधारमा प्रदेश प्रहरी टोलीले शुक्रबार राति करिब ११:३० बजे छापा मारेको थियो । छापाका क्रममा तास खेलिरहेका ११ जनालाई पक्राउ गरिएको हो । जुवा खेलाउन संलग्न रहेको भनिएका उद्योग सञ्चालक प्रकाश थापा भने फरार रहेका छन् । उनको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा बाणगंगा नगरपालिका-६, बनकसियाका ४० वर्षीय ज्ञानु चौधरी, बाणगंगा-२, पिपराका ३६ वर्षीय शंकर अर्याल, कपिलवस्तु नगरपालिका-९, कुस्माका ४१ वर्षीय अमृत पौडेल, बाणगंगा-५, कोपवाका ३३ वर्षीय जीवन विश्वकर्मा, बाणगंगा-६, भक्लापुरका ३१ वर्षीय चेतप्रसाद अर्याल, बाणगंगा-८, बोडगाउँका २२ वर्षीय अमित आचार्य र सोही वडाको धोडेटोलका ३१ वर्षीय गणेश विक रहेका छन् ।

त्यस्तै, बाणगंगा-११, हथौसाका २८ वर्षीय ईरफान अली, कपिलवस्तु नगरपालिका-९, कुस्माका ३१ वर्षीय मोहन सुनार, बाणगंगा-८, बोडगाउँका ३६ वर्षीय हिमाल पौडेल र बाणगंगा-६, भक्लापुरका २८ वर्षीय राजेश घर्ती पनि पक्राउ परेका छन् ।

यस घटनाले स्थानीय प्रहरीको नियमित निगरानी र गस्तीमाथि समेत प्रश्न उठाएको छ । स्थानीयका अनुसार जुवा खेलिएको उक्त स्थान इलाका प्रहरी कार्यालय पिपराबाट नजिकै रहेको छ । प्रहरी कार्यालय आसपासमै लामो समयदेखि जुवाजन्य गतिविधि हुँदै आएको दावी गर्दै स्थानीयले प्रभावकारी कारबाही नभएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् ।

स्थानीयकै भनाइअनुसार इलाका प्रहरी कार्यालय पिपराबाट कारबाही नभएपछि अन्य प्रहरी टोलीलाई घटनाबारे सूचना दिइएको थियो । त्यसपछि प्रदेश प्रहरी टोलीले छापा मारेर जुवा खेलिरहेका व्यक्तिहरूलाई पक्राउ गरेको स्थानीयको दावी छ ।

प्रहरी कार्यालय नजिकै रहेको कसर उद्योगको कोठाभित्र जुवा खेल्ने गतिविधि सञ्चालन हुनु, छापा पर्ने क्रममा उद्योग सञ्चालक फरार हुनु र कारबाहीका लागि प्रदेश प्रहरी टोली परिचालन हुनुले घटनालाई थप चासोको विषय बनाएको छ ।

उक्त जुवा गतिविधिबारे स्थानीय प्रहरीलाई पूर्वजानकारी थियो वा थिएन भन्ने विषयमा समेत स्थानीयले प्रश्न उठाएका छन् । प्रहरीले भने घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

भोटेकोशी बाढी

यकिन बेपत्ता २ हजार २९४ जनाको सूची सार्वजनिक

काठमाडौं/मस– राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भोटेकोशी बाढीमा परी बेपत्ता भएका भएका ३२ जिल्लाका दुई हजार २९४ जनाको यकिन विवरण सार्वजनिक गरेको छ । प्राधिकरणले ३२ जिल्लाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट यकिन भई आएका विवरण मात्र सार्वजनिक गरेको हो ।



प्राधिकरणका अनुसार सबैभन्दा बढी रसुवाका एक हजार ५८३ जना रहेका छन् । त्यस्तै धनकुटा, डडेल्धुरा, खोटाङ, भोजपुर, अछाम, कपिलवस्तु, जाजरकोट, सर्लाही, ललितपुर, कैलाली, महोत्तरी, बागलुङ, ताप्लेजुङ, जुम्ला, बाजुरा, कालीकोट, नवलपरासी पूर्व, उदयपुर, काभ्रेपलाञ्चोक, नवलपरासी (पश्चिम), तेह्रथुम, रुकुम (पूर्व), सप्तरी, बर्दिया, स्याङ्जा, रामेछाप, दाङ, सिन्धुपाल्चोक र सिन्धुली बेपत्ताको सूचीमा सार्वजनिक गरिएको छ ।

सात देशका १७१ बेपत्ता नागरिकको विवरण पनि प्राधिकरणले सार्वजनिक गरेको हो । बेपत्ता व्यक्तिको पूर्ण विवरण प्राधिकरणको वेबसाइटमा हेर्न सकिनेछ । प्राधिकरणले शनिबार सूचना जारी गर्दै बेपत्ता व्यक्ति जीवित रहेको वा फेला परेको भए निज वा एकाघरको परिवारका तर्फबाट सात दिनभित्र दावी पेस गर्न आग्रह गरेको छ ।

बेपत्ता व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय तहबाट भएको सिफारिसको आधारमा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयका आधारमा स्वदेशी व्यक्तिको सूची प्रकाशन गरिएको हो ।

यस्तै बेपत्ता विदेशी व्यक्तिको हकमा भने सम्बन्धित मुलुकको नेपालस्थित नियोग वा नेपाल हेर्नेगरी तोकिएको नियोगबाट कन्सुलर सेवा विभागमार्फत प्राप्त विवरण सार्वजनिक गरिएको हो । बत्तीस जिल्लाबाहेकका विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालय र बेपत्ता विदेशी नागरिकको हकमा नियोगबाट सूची प्राप्त भएपछि पुनःसूचना प्रकाशित गरिने प्राधिकरणले जनाएको छ ।

गत भदौ १० गते भोटेकोशीमा आएको बाढीमा परी हालसम्म एक हजार ४५७ जनाको मृत्यु भएको छ । बाढीमा पाँच हजार २८५ बेपत्ता भएको प्राधिकरणको तथ्यांक छ ।

त्रिविमा विकेन्द्रीकरणको अवधारणा कार्यान्वयन हुँदै

काठमाडौं/मस– त्रिभुवन विश्वविद्यालयले विकेन्द्रीकरणको अवधारणा अनुसार तल्ला निकायलाई अधिकार प्रत्यायोजन गर्ने कार्य प्रारम्भ गरेको छ ।



विश्वविद्यालयका उपकुलपति प्रा.डा.भोला थापाका अनुसार विश्वविद्यालय अन्तर्गतका सबै निकायलाई पत्राचार गरी विकेन्द्रीकरणको नीतिगत निर्णय कार्यान्वयनको प्रक्रिया अघि बढाइएको छ । उपकुलपति थापाले दीक्षान्त समारोह सात वटै प्रदेशमा फरक ढंगले आयोजना गर्ने तयारी गरिएको र परीक्षा प्रणाली तथा नतिजा प्रकाशनलाई व्यवस्थित बनाइएको बताए । दीक्षान्त समारोहमा सहभागी हुन २१ हजार २७४ विद्यार्थीले निवेदन दिएका छन्।

उनले आफ्नो नियुक्तिको चार महिनाभन्दा बढीको अवधिमा विश्वविद्यालयको रूपान्तरणका लागि आवश्यक नीति तथा कार्यक्रम त्रिवि सभाबाट पारित गराइसकिएको जानकारी दिए । विश्वविद्यालयले यसबीचमा अध्ययन बिदामा गएर नफर्किएका कर्मचारी तथा प्राध्यापकबाट हालसम्म २१ करोड असुल गरेको छ । त्रिविले शैक्षिक क्यालेन्डर कार्यान्वयनमा ल्याउनुका साथै समयमै परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाइएको छ । क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयमार्फत उत्तर पुस्तिका परीक्षण गराइरहेको छ ।

बिपी राजमार्ग पुनर्निर्माण सुरु

काभ्रेपलाञ्चोक/मस– प्राकृतिक विपदबाट क्षतिग्रस्त विपी राजमार्गको सिन्धुली बर्षेखोला-पिप्ले सडकखण्डमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनःनिर्माणको काम सुरु गरेको छ । सो खण्डसँगै अन्य तीन खण्डमा पुनःनिर्माणले तीव्रता पाएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

कार्यालयका अनुसार बर्खेखोला-पिप्ले सडकखण्ड पुनःनिर्माणको लागि जाइकासँग दुई अर्ब ६० करोडमा सम्झौता भई काम सुरु भएको हो । डिभिजन प्रमुख सुमन योगेशले जाइकाले हालै काम सुरु गरेको जानकारी दिए । यस्तै, पिप्लेदेखि काभ्रेपलाञ्चोकको भकुण्डेबेँशीसम्मको खण्डमा पुनिःनिर्माणको काममा हालसम्म ५२ प्रतिशत भौतिक प्रगति भएको बताए । उनका अनुसार डालाबेशीदेखि चारसयबेशीसम्म (आठ दशमलव पाँच किमी) पुनःनिर्माणको जिम्मा पाएको खानी-एवान-कमलजीत जेभीले २०८४ को जेठ अन्त्यसम्म निर्माणको काम सम्पन्न गर्ने जनाएको छ ।



यस्तै चारसयबेशीदेखि भकुण्डेबेशीसम्म (११ दशमलव आठ किमी) सडक लामा-नवकान्तिपुर जेभीले आगामी ०८४ असार १७ गतेभित्र काम सम्पन्न गर्ने गरी प्रक्रिया अघि बढाएको योगशेको भनाइ छ । यसैगरि पिप्लेदेखि डालोबेँशी (दुई दशमलव तीन किमी) सडकखण्डको जिम्मा पाएको उमा एण्ड कम्पनी-भण्डारी जेभीको २०८४ कार्तिक २६ गतेसम्म निर्माण सक्नेछ। उनले भने 'विपी राजमार्ग पुनःनिर्माणको काम लक्ष्य अनुरुप नै भइरहेको छ ।'

२०८१ असोज दोस्रोसाता रोशी खोलाको बाढीका कारण विपी राजमार्गको काभ्रेपलाञ्चोक नमोबुद्धस्थित दाप्चाखोला १ नं पुलदेखि सिन्धुलीको नेपालथोकसम्म २९ किमी सडक पूर्णरूपमा क्षति भएको थियो । क्षतिग्रस्त राजमार्गमध्ये काभ्रेपलाञ्चोकतर्फको २५ दशमलव ११ किमी सडक तीन खण्डमा पुनःनिर्माणको काम भइरहेको छ । आगामी वर्षायाम अघि नै निर्माणाधीन तीन खण्डमा एक लेयरको कालोपत्रे गर्ने गरी तयारी भइरहेको योगेशले बताए । उनका अनुसार बाढीबाट क्षतिग्रस्त विपी राजमार्ग 'डेडिकेटेड डबल लेन'मा पुनःनिर्माण भइरहेको हो ।

सो राजमार्गअर्न्तगत काभ्रेपलाञ्चोकभित्र पर्ने पिप्लेदेखि डालाबेँशीसम्मको दुई दशमलव ३ किमी सडक पुनःनिर्माण गर्न उमा एण्ड कम्पनी-भण्डारी अमरज्योती जेभीसँग ६८ करोड ८० लाख, डालाबेशीदेखि चार सयबेँशीसम्मको सडकका लागि लामा-नव कान्तिपुर जेभीसँग एक अर्ब ४२ करोड र चारसयबेँशीदेखि भकुण्डेबेँशीसम्मको सडक पुनःनिर्माणका लागि खानी-एवान-कमलजीत जेभीसँग रु एक अर्ब ३३ करोडमा सम्झौता भएको छ ।

यसैबीच विपी राजमार्गमा हाल पुनःनिर्मित सडकबाटै सवारी आवागमन गराएको जनाइएको छ । उनका अनुसार चौकीडाँडा र पिन्थलीमा भिरालो भएकाले हाल मर्मत भइराखेको र डाइभर्सन गरिएको छ । डालाबेँसी-पिप्ले खण्डमा पनि त्यस्तै व्यवस्था गरिएको छ ।

हाल पुनःनिर्मित सडकबाटै आवागमन गराइए पनि जाम नहुने योगेशको भनाइ छ। उनका अनुसार वर्षा भई सडक माथिबाट लेदो तथा पहिरो गई अवरुद्ध भए आधादेखि केही घण्टामै सडक खुलाउने गरी सामग्री व्यवस्थापन गरिएको छ । नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई संघीय राजधानी काठमाडौंसँग जोड्ने छोटो मार्गका रूपमा उक्त राजमार्गलाई लिइन्छ । क्षतिग्रस्त खण्ड पुनःनिर्माणका लागि सरकारले कुल आठ अर्ब ५० करोड स्रोत सहमति दिएको थियो । जसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड र सिन्धुलीको एक सडकखण्डलाई एक अर्बको स्रोत सहमति दिइएको छ ।

योगेशका अनुसार पाँच वटा पुललाई दुई लेनमा परिणत गर्ने योजना छ । तीनवटै खण्डमा छ दशमलव तीन किलोमिटर आरसीसी पर्खाल निर्माण हुनेछ । जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३-०५४ देखि विपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किमी सडक) निर्माण सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न भएको राजमार्ग विसं २०७२ असार १८ गते जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो ।

तिहार विशेष रैथाने मेला सुरु

स्थानीय उत्पादनलाई बजारसँग जोड्ने लक्ष्य

काठमाडौं/मस– नेपाली मौलिक संस्कृति, रैथाने उत्पादन तथा स्थानीय उद्यमशीलताको प्रवर्धन गर्दै स्वदेशी उत्पादनलाई बजारसँग जोड्ने उद्देश्यसहित सरकारले तिहार विशेष रैथाने मेला आयोजना गरेको छ ।



सरकारको पूर्ण स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत आइतबारदेखि काठमाडौंको थापाथलीस्थित कम्पनीको बागमती प्रादेशिक कार्यालय परिसरमा तीनदिने मेला सुरु भएको हो ।

रैथाने उत्पादनको बजारीकरण, स्थानीय उद्यमीलाई प्रोत्साहन तथा परम्परागत खाद्य संस्कृति र उत्पादनको संरक्षण गर्ने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सहजीकरणमा मेला आयोजना गरिएको कम्पनीले जनाएको छ ।

मेलामा कृषक, कृषक समूह, कृषि सहकारी संस्था, महिला तथा युवा उद्यमी एवं स्थानीय उत्पादकले आफ्ना उत्पादनको प्रदर्शनी तथा बिक्रीका लागि विभिन्न स्टल राखेका छन् ।

मेलामा तिहार विशेष परिकार तथा परम्परागत खाद्य सामग्री, फूल तथा माला, सजावटका सामग्री, परम्परागत पोसाक, हस्तकलाका सामग्री, माटाका भाँडाकुँडा, रैथाने बाली, कृषि उपजलगायत स्वदेशी तथा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको छ ।

स्थानीय उत्पादनको पहिचान, प्रवर्द्धन र बजारीकरणमार्फत कृषक तथा साना उद्यमीको आर्थिक गतिविधि विस्तार गर्ने सरकारको लक्ष्य छ । यसका साथै महिला तथा युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने र स्वदेशी उत्पादनको उपभोग बढाउने उद्देश्यसमेत मेलाले राखेको छ । सरकारले आगामी दिनमा पनि साताको दुई दिन सार्वजनिक बिदाको समय उपयोग गर्दै सप्ताहान्तमा यस्ता कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । यसै अभ्यास र मोडेललाई देशका ७७ वटै जिल्लामा विस्तार गर्दै लैजाने सरकारको तयारी छ ।

रत्नपार्कमा काग सम्मेलन

काठमाडौं/मस– काठमाडौंको रत्नपार्कस्थित शान्तिवाटिकामा 'काग सम्मेलन' गरिएको छ । यमपञ्चकको पहिलो दिन काग तिहारका अवसरमा रत्नापार्कस्थित शान्तिवाटिकामा शनिबार बिहान काग बोलाएर काग सम्मेलन गरिएको हो ।



सम्मेलनमा कलाकार रमेश दुलालले कागको स्वर निकालेर कागलाई एकै ठाउँमा जम्मा पारेका थिए । दुलालले कागको स्वर निकालेर बोलाएपछि कागहरू उनको आवाज भएको ठाउँसम्म आइपुगेका थिए । दुलालले विगत लामो समयदेखि काग तिहारका अवसरमा काग सम्मेलन गर्दै आएका छन् । काग तिहारको दिनमा यमराजको सन्देश वाहकको रूपमा कागलाई सम्मानको साथ पूजाआजा गरेर खानेकुरा दिने चलन रहेको छ। काग तिहारमा कागलाई मीठा मीठा खानेकुरा दिएमा राम्रो समाचार लगिदिने विश्वास गरिन्छ ।

यमपञ्चक (तिहारको पाँच दिन)मा क्रमशः काग, कुकुर, गाई, गोरु र आफ्ना दाजुभाइको पूजा गरिन्छ । तिहार पर्व कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुल्क द्वितीया तिथिसम्म गरी पाँच दिन मनाइन्छ । यसको सुरुवात कार्तिक कृष्ण त्रयोदशीको दिन मनाइने काग तिहारबाट हुन्छ । हिन्दु धर्मशास्त्रकाअनुसार यमलोकका अधिपति यमराजले पृथ्वी लोकका मानिसहरूको जन्म मृत्युको विवरण राख्ने गर्दछन् । त्यस्तो विवरण पृथ्वीलोकमा ल्याउने र लैजाने काम भने कागले गर्छ भन्ने धार्मिक मान्यता रहेको छ । आकाशबाट उडेर छिटो सन्देश ल्याउन लैजानसक्ने भएकाले यमराजले कागलाई आफ्नो दुत बनाएको धार्मिक विश्वास रहेको छ। त्यसैले काग तिहारको दिनमा कागलाई पूजाआजा गरेर मिठो खानेकुरा खान दिएमा यसले वर्षभर आफ्नो घरमा दुःखद् सन्देश ल्याउँदैन भन्ने विश्वास रहेको छ ।

यस्तै काग तिहारको दिन कागको पूजाआजा नगरेमा पापको भागी भइन्छ र मृत्युपछि नर्कमा पुगिन्छ भन्ने धार्मिक विश्वास रहेको छ। त्यसैले काग तिहारमा कागलाई घर आँगनमा बोलाई घरमा बनेका खाद्यान्न परिकार खान दिइन्छ । यस दिनमा बिहानैदेखि कागको पूजा गरिन्छ, घरबाहिर पात या दुना, टपरीमा विभिन्न खाना राखेर कागलाई खान दिइन्छ । कागको पूजाआजा गर्दै आउँदो वर्षभर कागले आफ्नो घरआँगनमा राम्रो र सुखद् खबरमात्रै ल्याओस् भनेर कामना गरिन्छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

जोगाऔं संस्कृति त्यागौं विकृति

तिहारलाई उज्यालो पर्व पनि भनिन्छ । फूलको सुगन्ध, सयपत्री र मखमलीको माला, घरआँगनमा झिलिमिली बत्तीले वातावरण मनमोहक बनाउँछ । देउसीभैलोको गुञ्जन र दिदीबहिनी तथा दाजुभाइबीचको आत्मीयताले तिहारलाई विशेष बनाउँछ । नेपालीका प्रमुख चाडमध्ये दोस्रो ठूलो पर्व तिहार धार्मिक आस्था, सांस्कृतिक परम्परा, पारिवारिक सम्बन्ध र सामाजिक सद्भावको अनुपम संगम पनि हो । त्यसैले तिहार रमाइलोसँगै सम्बन्ध नवीकरण गर्ने र खुसी साटासाट गर्ने पर्व हो । यमपञ्चकका पाँच दिनले प्रकृति, जीवजन्तु र मानिसबीचको सम्बन्धलाई स्मरण गराउँछ । काग, कुकुर, गाई र गोरूको पूजा गर्द मानव जीवनमा तिनको महत्व र योगदानप्रति सम्मान प्रकट गरिन्छ । लक्ष्मीपूजामा घरआँगन उज्यालो पार्दै समृद्धिको कामना गरिन्छ । देउसीभैलोले समुदायबीचको सम्बन्ध बलियो बनाउँछ । सेलरोटी, फूलमाला र भाइसलाले पर्वको रौनक थप्छ । अन्तिम दिनको भाइटीकाले दिदीबहिनी र दाजुभाइबीचको प्रेम, विश्वास र जिम्मेवारीलाई अझ प्रगाढ बनाउँछ ।

तर, रमाइलोका नाममा जुवातास खेल्ने, ठुलो धनराशिको बाजी राख्ने, मादक पदार्थ सेवन गरेर होहल्ला र झैझगडा गर्ने प्रवृत्ति पनि देखिने गर्दछ । देउसीभैलोका नाममा जबरजस्ती पैसा माग्ने, राति अबेरसम्म चर्को आवाजमा गीतसंगीत बजाएर अरूको शान्ति भंग गर्ने र पटका पड्काएर त्रास फैलाउने काम संस्कृति संरक्षण होइन । परम्पराका नाममा विकृतिलाई निरन्तरता दिनु उचित हुँदैन । तिहारमा पटका र विस्फोटक पदार्थको प्रयोगले आगलागी, चोटपटक र वातावरण प्रदूषणको जोखिम पनि बढाउँछ । ठुलो आवाजले बालबालिका, ज्येष्ठ नागरिक र पशुपन्छीलाई समेत असर गर्छ । चाडपर्वमा किनमेल र यात्राको चाप पनि बढ्छ । मिठाई तथा खाद्य सामग्रीको गुणस्तर ख्याल नगरे समस्या आउन सक्छ । यसकारण मादक पदार्थ सेवन गरेर सवारी नचलाऔं, तीव्र गति र लापरबाहीबाट बचौं । भिडभाडमा पर्स, मोबाइल र गरगहना जोगाऔं । घर खाली रहेको वा यात्रामा निस्किएको विवरण सामाजिक सञ्जालमा नराखौं । बालबालिकालाई आगो, पटका र सडकको जोखिमबाट सुरक्षित राखौं ।

नेपाल प्रहरीले चाडपर्व सुरक्षाका लागि देशभर ५० हजार ४५८ प्रहरी परिचालन गरेको छ । यात्रु सुरक्षाका लागि ४०८ स्थानमा सहायता कक्ष स्थापना गरिएको छ । यो तयारीसँगै नागरिकको सचेतना र जिम्मेवारी पनि उत्तिकै आवश्यक छ । कुनै शंकास्पद गतिविधि वा आपराधिक क्रियाकलाप देखिए प्रहरीलाई खबर गरौं । तिहारको खुसी महँगा उपहार, तडकभडक र देखासिकीमा होइन, परिवारसँग बिताएको समय, दिदीबहिनीसँगको आत्मीयता, छिमेकीसँगको सद्भाव र एकअर्काप्रतिको सम्मानमा छ । आफू रमाइलो गर्दा अरूलाई दुःख नदिऔं । आफ्नो खुसीका लागि अरूको शान्ति र सुरक्षामा आँच नपुऱ्याऔं । घरमा दियो बालौं, मनमा प्रेम जगाऔं । संस्कृति जोगाऔं, विकृति त्यागौं । तिहारको उज्यालोले घरआँगनसँगै आम नेपालीको सोच, व्यवहार र सामाजिक सम्बन्धलाई थप उज्यालो बनाओस् । दिपावलीको सबै-सबैमा हार्दिक शुभकामना ।

संस्कृतिले सिकाएको करुणाको पाठ

कुकुर तिहार एउटा धार्मिक परम्परा मात्र होइन, मानवता, निष्ठा र करुणाको सन्देश दिने पर्व पनि हो । कुकुरलाई माला र टीका लगाएर पूजा गर्ने तर वर्षभरि बेवास्ता गर्ने प्रवृत्तिले संस्कृतिको वास्तविक अर्थ बोकेको हुँदैन । पशुप्रति दया, जिम्मेवार पशुपालन र कमजोर जीवको अस्तित्वप्रतिको सम्मान व्यवहारमै देखिनुपर्छ । पूजा सकिएपछि पनि करुणा र जिम्मेवारी जीवित रहनुपर्छ ।

अग्रलेख



● रामप्रसाद पौडेल

नेपालको संस्कृति चाडपर्व मनाउने परम्पराको नाम मात्र होइन । यो पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको जीवनदृष्टि हो । हाम्रा पर्वहरूमा पूजा, प्रार्थना र आस्था छन् । तर त्यसभन्दा गहिराइमा मानवता, प्रकृतिप्रतिको सम्मान, सहअस्तित्व र सामाजिक जिम्मेवारीका अनेकौं सन्देश पनि छन् । तिहारको दोस्रो दिन मनाइने कुकुर तिहार यस्तै अर्थपूर्ण सांस्कृतिक पर्व हो, जसले मानिस र पशुवीचको सम्बन्धलाई सम्मान र आत्मीयताको तहमा पुऱ्याएको छ ।

कुकुर तिहारका दिन घरमा पालिएका मात्र होइन, सडकमा रहेका कुकुरलाई समेत माला लगाइन्छ, निधारमा टीका लगाइन्छ र खानेकुरा दिएर सम्मान गरिन्छ । सामान्य दृष्टिले हेर्दा यो धार्मिक परम्परा हो । तर यसको अन्तर्यमा प्रवेश गर्ने हो भने यो एउटा गहिरो सामाजिक दर्शन पनि हो । मानिस मात्र सम्मानको अधिकारी होइन, आफूभन्दा फरक जीवको जीवन, अस्तित्व र योगदानप्रति पनि कृतज्ञ हुनुपर्छ ।

कुकुर मानव सभ्यताको पुरानो सहयात्री हो । सुरक्षा, साथ र सहयोगका विभिन्न भूमिकामा कुकुरले मानिससँग लामो सम्बन्ध कायम गर्दै आएको छ । नेपाली समाजमा पनि कुकुरलाई घरको रक्षक र विश्वासिलो साथीका रूपमा हेर्ने परम्परा छ । मानिससँग बोल्ने भाषा नभए पनि उसको व्यवहारमा निष्ठा देखिन्छ । त्यसैले कुकुर तिहारमा गरिने सम्मान एउटा पशुको पूजा मात्र होइन, निष्ठा र विश्वासप्रतिको सम्मान पनि हो ।

हाम्रो धार्मिक परम्परामा कुकुरको सम्बन्ध यमपञ्चकसँग जोडिएको पाइन्छ । कुकुरलाई यमराजका द्वारपाल तथा मृत्युको सन्देशसँग सम्बन्धित जीवका रूपमा व्याख्या गर्ने धार्मिक विश्वास छ । यमपञ्चकमा कुकुरको पूजा गर्ने परम्परा यही सांस्कृतिक विश्वाससँग जोडिएको मानिन्छ । महाभारतमा धर्मराज युधिष्ठिर स्वर्गारोहणका क्रममा आफूलाई पछ्याउँदै आएको कुकुरलाई त्याग्न अस्वीकार गरेको प्रसंग पनि कुकुरप्रतिको निष्ठा र धर्मबोधको प्रतीकका रूपमा व्याख्या गरिन्छ । यस्ता प्रसंगलाई ऐतिहासिक प्रमाणभन्दा धार्मिक आख्यान, सांस्कृतिक स्मृति र नैतिक मूल्यका रूपमा बुझ्नु उपयुक्त हुन्छ ।

तर कुनै पनि संस्कृतिको मूल्य त्यसको बाहिरी कर्मकाण्डले मात्र निर्धारण गर्दैन । त्यसले मानिसको व्यवहारमा कस्तो परिवर्तन ल्याउँछ भन्ने कुरा महत्वपूर्ण हुन्छ । कुकुर तिहारमा कुकुरलाई माला लगाउने, टीका लगाउने र मिठो खाना खुवाउने तर वर्षभरि सडकका कुकुरलाई ढुंगा हान्ने, घाइते हुँदा बेवास्ता गर्ने वा पाल्तु जनावरलाई जिम्मेवारीविना सडकमा छाड्ने हो भने हाम्रो संस्कार प्रदर्शनमा मात्र सीमित हुन्छ ।

पूजा सकिएपछि पनि करुणा बाँकी रहनुपर्छ । माला ओइलाएपछि पनि जिम्मेवारी ओइलाउनु हुँदैन । यहींबाट कुकुर तिहारको सामाजिक सन्देश सुरु हुन्छ । हामी प्रायः संस्कृतिलाई विगतको विरासतका रूपमा मात्र बुझ्छौं । तर संस्कृति वर्तमानलाई सभ्य बनाउने माध्यम पनि हो । यदि कुकुर तिहारले हामीलाई पशुप्रति दया गर्न, कमजोर जीवप्रति संवेदनशील हुन र आफूभन्दा बाहिरको जीवनलाई सम्मान गर्न सिकाउँछ भने यो पर्व आधुनिक समाजका लागि झन् महत्वपूर्ण हुन्छ ।

आज नेपाल तीव्र सहरीकरणको चरणमा छ । सडक विस्तार भएका छन्, बस्ती बाक्लिएका छन् र सवारीसाधन बढेका छन् । मानिसको जीवनशैली बदलिएको छ । त्यससँगै सडकमा रहेका पशु, विशेषतः बेवारिसे कुकुरको समस्या पनि देखिएको छ । कतै दुर्घटनामा घाइते भएका कुकुर छन्, कतै भोक र रोगले पीडित छन् त कतै मानिसकै दुर्व्यवहारको सिकार भएका छन् । यस्तो अवस्थामा कुकुर तिहारले हामीलाई पूजा गर्न मात्र होइन, समस्यालाई जिम्मेवारीपूर्वक हेर्न पनि प्रेरित गर्नुपर्छ ।

पशुप्रतिको करुणा भावुकता मात्र होइन, सभ्यताको एउटा मापदण्ड पनि हो । आफूभन्दा कमजोर जीवप्रति समाज कति संवेदनशील छ भन्ने कुराले त्यस समाजको मानवीय स्तर देखाउँछ । त्यसैले कुकुर तिहारलाई पशु कल्याणको चेतनासँग जोड्न सकिन्छ । घरमा पालिने जनावरलाई



उचित खाना, स्वच्छ पानी, सुरक्षित बास र आवश्यक उपचार उपलब्ध गराउनु हाम्रो दायित्व हो । जनावर पाल्ने निर्णयसँगै त्यसको जीवनभरको जिम्मेवारी स्वीकार गर्नुपर्छ ।

सडकमा रहेका कुकुरका हकमा पनि समाजले भावनात्मक प्रतिक्रिया मात्र होइन, व्यवस्थित दृष्टिकोण अपनाउनुपर्छ । स्थानीय तह, पशु चिकित्सक, सम्बन्धित संस्था र समुदायबीच समन्वय गरेर मानवीय ढंगले पशु व्यवस्थापन, उपचार, खोप तथा जनचेतनाका कार्यक्रम सञ्चालन गर्न सकिन्छ । समस्या देखेर ढुंगा हान्नु समाधान होइन । समस्याको कारण बुझेर जिम्मेवार उपाय खोज्नु सभ्यताको बाटो हो ।

कुकुर तिहारले मानिसको सम्बन्धबारे पनि एउटा महत्वपूर्ण पाठ दिन्छ–निष्ठाको मूल्य । मानिसको जीवनमा सम्बन्धहरू स्वार्थ, परिस्थिति र अपेक्षाबाट प्रभावित हुन सक्छन् । तर कुकुरलाई निष्ठाको प्रतीकका रूपमा सम्मान गर्ने हाम्रो परम्पराले मानिसलाई पनि आफ्नो सम्बन्धमा इमानदार र कृतज्ञ बन्न सम्झाउँछ । जसले हाम्रो घरको रक्षा गर्छ, संकटमा साथ दिन्छ वा निःशब्द रूपमा हाम्रो एक्लोपन बाँड्छ, उसको योगदान सम्झनु मानवताको सुन्दर पक्ष हो ।

आज सामाजिक जीवनमा भौतिक सुविधा बढेको छ, तर मानिसबीचको आत्मीयता कतिपय अवस्थामा कमजोर हुँदै गएको अनुभूति हुन्छ । प्रविधिले मानिसलाई जोडेको छ, तर कहिलेकाहीं मनलाई टाढा पनि बनाएको छ । यस्तो समयमा एउटा पशुप्रति देखाइने करुणाले मानिसलाई आफ्नै संवेदनशीलता सम्झाउन सक्छ । कुकुरको आँखामा हेर्दा हामीले कहिलेकाहीं आफ्नै व्यवहारको ऐना देख्न सक्छौं । हामी कति दयालु छौं, कति जिम्मेवार छौं र आफूभन्दा कमजोरप्रति कति संवेदनशील छौं भन्ने प्रश्नको उत्तर पनि त्यहीं खोज्न सकिन्छ ।

कुकुर तिहारको अर्को सुन्दर पक्ष यसको समावेशी भाव हो । घरको महँगो जातको कुकुर होस् वा सडकमा जन्मिएको साधारण कुकुर, पूजाको दिन दुवैको निधारमा टीका लाग्न सक्छ । यही भावले सामाजिक समानताको एउटा सांकेतिक पाठ पनि दिन्छ । मूल्य केवल बाहिरी रूप, जात, हैसियत वा उपयोगितामा निर्धारण हुँदैन । प्रत्येक जीवनको आफ्नै अस्तित्व र सम्मान हुन्छ ।

तर यस पर्वलाई आधुनिक सन्दर्भमा पुनर्व्याख्या गर्दा अन्धविश्वास र संस्कृतिबीचको भिन्नता पनि बुझ्न आवश्यक छ । परम्पराको सम्मान गर्नु भनेको त्यसका हरेक अभ्यासलाई प्रश्न नगरी दोहोऱ्याउनु होइन । समयअनुकूल रूपमा संस्कृतिको मानवीय पक्षलाई अझ बलियो बनाउनु नै संस्कृतिको जीवन्तता हो । त्यसैले कुकुर तिहारलाई पशुमाथि हिंसा नगर्ने, जिम्मेवार पशुपालन गर्ने र पशु कल्याणप्रति चेतना बढाउने अवसरका रूपमा विकसित गर्न सकिन्छ ।

हाम्रो संस्कृतिमा गाईको पूजा हुन्छ, कागलाई सम्मान गरिन्छ, कुकुरलाई माला लगाइन्छ र लक्ष्मीको आराधना गरिन्छ । यी परम्पराभित्र प्रकृति र जीवप्रतिको सम्बन्धलाई विभिन्न प्रतीकमार्फत अभिव्यक्त गरिएको देखिन्छ । यसको मूल सन्देश यही हो–मानिस एक्लै पूर्ण छैन । उसको जीवन प्रकृति, पशुपन्छी, वातावरण र अन्य मानिससँगको सम्बन्धबाट पूर्ण हुन्छ ।

